# स्थानीय राजपत्र

## भिमाद नगरपालिकाद्वारा प्रकाशित

**(खण्ड ९) भिमाद माघ २७ गते, २०८२ साल (संख्या १०)**

## भाग- २

## भिमाद नगरपालिकाको सूचना ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम भिमाद नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ

## भिमाद नगरपालिकाको पशु विकास अनुदान कार्यक्रम सञ्चालन सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि,२०८२

भिमाद नगरपालिकाको पशु विकास अनुदान कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि,२०७६ लाई समसामयिक रुपमा संशोधन गर्न बाञ्छनीय भएकोले,

नगर कार्यपालिकाको मिति २०८२।१०।१९ गतेको वैठकले देहायको पशु विकास अनुदान कार्यक्रम सञ्चालन सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि,२०८२ स्वीकृत गरी लागु गरेको छ ।

१. **<u>संक्षिप्त नाम प्रारम्भ:</u>** यस कार्यविधिको नाम "**भिमाद नगरपालिकाको पशु विकास अनुदान कार्यक्रम सञ्चालन (दोस्रो संशोधन) कार्यविधि,२०८२**" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>मूल कार्यविधिको दफा ८ मा संशोधन:</u>** मूल कार्यविधिको दफा ८ को खण्ड (१)(क) मा पेश गरेको कार्ययोजनामा कम्तीमा ५० प्रतिशत लगानी कृषक स्वयंमले गर्नुपर्नेछ भन्ने वाक्यको सट्टामा पेश गरेको कार्ययोजना कार्यक्रम हेरी  कम्तीमा २०प्रतिशत सम्म लगानी कृषकले गर्नुपर्नेछ भन्ने  वांक्याशं राखी देहायको प्रतिबन्धात्मक वाक्याशं थप गरिएको छ ।

तर पेश भएको कार्ययोजनाको कार्यक्रम हेरी कृषकहरुले लगानी कति अंश गर्ने भन्ने सम्बन्धमा विषयगत समितिले निर्णय गर्नेछ ।

३. **<u>मूल कार्यविधिको दफा ८ को खण्ड (१)(च) मा संशोधन</u>**: छनौट भएका आवेदकहरुलाई पशु विकास कार्यादल(livestock action team) बैठकबाट अनुमोदन गराउने भन्ने वाक्यको सट्टामा छनौट भएका आवेदकहरुलाई पशु विकास कार्यदलको सिफारिसमा विषयगत समितिले छनोट गर्नेछ ।

४. **<u>मूल कार्यविधिको दफा १५ मा संशोधन :</u>** मूल कार्यविधिको दफा १५ को खण्ड (क) मा नगरको आर्थिक विकासमा योगदान पुऱ्याउन पशु विकासको योजना निर्माण गरी नगरपालिकामा सिफारिस गर्ने भन्ने वाक्यको सट्टामा नगरको आर्थिक विकासमा योगदान पुऱ्याउन पशु विकासको योजना निर्माण गरी विषयगत समितिमा सिफारिस गर्ने भन्ने वाक्य राख्ने ।

५. **<u>मूल कार्यविधिको दफा १६ मा संशोधन :</u>** मूल कार्यविधिको दफा १६ को खण्ड (ख) खारेज गरिएको छ।

आज्ञाले

कमलप्रसाद पुन

प्रमुख प्रशासकीय अधिकृत

सूचना तथा अभिलेख केन्द्र भिमाद

मूल्य रू.१०।-